## जी सी एस ई (GCSE) को लागि अंग्रेजी भाषा र गणितको लागि पुन: दिनुहोस

जुन विद्यार्थीहरूले  GCSE मा अंग्रेजी भाषा वा गणितमा ४ वा माथिको ग्रेड प्राप्त गर्दैनन्, उनीहरुले  पुन: GCSE दिन आवश्यक योग्यता पूरा गर्नु पर्छ  ।

- फुल टाईम विद्यार्थीहरू जसले GCSE गणित (maths) /र GCSE अंग्रेजी मा ग्रेड ३ ल्याएको छ भने उनीहरुले GCSE परिक्षा पुनः दिनु पर्ने हुन्छ यदि उनीहरु स्कूल वा कलेजमा फुल टाईम पढ्न चाहन्छन भने ।
- फुल टाईम बिद्यार्थीहरु जसले GCSE मा ग्रेड २ वा त्यो भन्दा थोरै ग्रेड ल्याएका छन् र पार्ट टाईम बिद्यार्थीहरु जसले गणित र/वा ग्रेड ३ भन्दा कम आएको छ उनीहरुले  GCSE वा स्वीकृत प्राप्त चरणबद्धता योग्यता अध्ययन गर्न सक्छन्। स्वीकृत चरणबद्ध योग्यताहरूमा कार्यात्मक कौशल हरू(functional skills) सामेल छन्।

### १६ बर्ष पछि (Post-16) को मार्गहरू विचार गर्दै शीर्ष सुझावहरू:

कुनै पनि विद्यार्थीको लागि कुनै सेट मार्ग छैन त्यसैले अवसरहरू व्यापक छन्। त्यसकारण युवाहरूका लागि करियर सल्लाहकारको सल्लाह लिनु आवश्यक छ।

१६ बर्ष पछि (Post-16) प्रदायकहरूको आफ्नै बिशेष आवश्यकताहरू हुन्छन्, त्यसैले यस्ता आवश्यकताहरू के हुन् भनेर निर्धारण गर्न प्रदायकहरूलाई व्यक्तिगत सम्पर्क गर्नु उचित हुन्छ ।

अंग्रेजी अतिरिक्त भाषा भएका (EAL) विद्यार्थीहरूको पृथक पृष्ठभूमि र अघिल्लो शैक्षिक अनुभवहरूको कारण राम्रोसँग छुटहरू लिन सकिन्छ।

## थप सहयोगको लागि

The National Careers Service (राष्ट्रिय क्यारियर सेवा), प्रशिक्षण र कामको सम्बन्धमा उपयुक्त निर्णय लिनको लागि जानकारी, सल्लाह र मार्गदर्शन प्रदान गर्दछ। त्यहाँ बायो डेटा (CV) लेख्ने र कभर लेटर लेख्ने, आवेदन फारम भर्ने र अन्तर्वार्तामा कसरी राम्रो गर्ने भन्ने सल्लाहको लागि सहयोग गरिन्छ।

राष्ट्रिय क्यारियर सेवा संग सम्पर्क गर्न को लागी धेरै तरीकाहरु several different ways छन्। यदि तपाईंलाई अंग्रेजी बाहेक कुनै भाषामा सल्लाह चाहिएको छ भने, तपाईं 0८00 १00 ९00 मा फोन गर्न सक्नुहुन्छ र दोभाषे प्रयोग गर्दै सल्लाहकारसँग कुरा गर्न विकल्प ५ छनौट गर्न सक्नुहुन्छ।

ह्याम्पशायर काउन्टी काउन्सिल चिल्ड्रेन सर्भिस डिपार्टमेन्टको अंश, हेम्पशायर फ्यूचर Hampshire Futures, ले १६-२४ वर्ष उमेरका युवाहरूका लागि पनि शिक्षा प्रदान गर्दछ जो शिक्षा, रोजगार वा प्रशिक्षणमा छैनन्।

हाम्रो वेबसाइटमा पूर्ण मार्गनिर्देशन full guidance ले अन्य उपयोगी सेवाहरू र वेबसाईटहरूमा थप लिंकहरू सेट गर्दछ।

थप रूपमा सरकारी वेबसाइट government website, ले कहिलेआर्थिक मद्दत उपलब्ध हुन सक्छ भन्ने कुराको परिस्थितिहरू निर्धारण गर्दछ ।

## अरु थप जानकारीको लागी

१६ बर्ष पछि (Post-16) को  मार्गहरूको पूर्ण मार्गनिर्देशनको लागि हाम्रो वेबसाइट भ्रमण गर्नुहोस्::

www.hants.gov.uk/emtas

हामीलाई ट्विटरमा फलो गर्नुहोस्:

@HampshireEMTAS

थप प्रश्नहरूको लागि, कृपया सम्पर्क गर्नुहोस्:

EMTAS@hants.gov.uk

Hampshire Services
EMTAS

# अंग्रेजी अतिरिक्त भाषा भएका (ई ए एल) विद्यार्थीहरूको लागि १६ बर्ष पछि (पोस्ट-१६) का प्रावधान र मार्गदर्शन सम्बन्धि जानकारी



सेप्टेम्बर २०२२

Hampshire County Council

## १६ बर्ष पछि (पोस्ट-१६) का विद्यार्थीहरूको लागि विकल्प

विद्यार्थीहरु १९ वर्षको उमेर सम्म कुनै न कुनै रूपको शिक्षा वा प्रशिक्षण मा रहनु पर्छ।

यो हुन सक्छ

- फुल टाईम/पूर्ण-समय शिक्षा (जस्तै स्कूल वा कलेजमा)
- पार्ट टाईम /आंशिक समय शिक्षा वा तालिमको साथ रोजगारीमा, स्व-रोजगारीमा वा हप्तामा २० घण्टा वा बढी स्वयंसेवा गर्ने जुन यु.के.मा काम गर्ने अधिकार हुने कुरामा निर्भर गर्दछ।
- एक प्रशिक्षुता (an apprenticeship)

## पैसा / रकम (funding) को लागि योग्यता

कानुनी रूपमा बेलायतमा बसोबास गर्ने १ देखि १९ बर्षको बच्चाहरु र युवाहरु नि:शुल्क अध्ययन गर्नको लागि लागि योग्य हुनेछन्।

सरकारले '16 to 19 education: funding guidance - GOV.UK (www.gov.uk)' मा सीमित अपवाद (exception)हरू तय गरेको छ। मुख्य अपवाद ती विद्यार्थीहरू हुन् जसको यु.के.मा बस्नुको मुख्य कारण शुल्क तिर्ने स्कूलमा उपस्थिति हुनु हो ।

## कुन कुन योग्यताहरू उपलब्ध छन् ?

सामान्यतया, विद्यार्थीहरू तल सूचीबद्ध गरे अनुसार तल्लो लेभलका योग्यताहरूबाट माथितिर प्रगति गर्ने अपेक्षा गरिन्छ। जहाँसम्म, अंग्रेजी अतिरिक्त भाषा भएका (EAL) राम्रा पढ्न सक्नेहरु उच्च स्तर (लेभल) को योग्यतामा काम गर्ने स्थितिमा हुन सक्छन् ।

### एन्ट्री लेभल/प्रवेश स्तर (Entry Level)

एन्ट्री लेभल योग्यता जस्तै ईसोल (ESOL - अन्य भाषा बोल्नेहरुको लागि अंग्रेजी) ले विद्यार्थीहरूलाई अघिल्लो योग्यताहरू बिना उनीहरूको कामको लागि व्यावहारिक भाषा सीपहरूको साथ जस्तै जी.सी.एस.ई. (GCSE) हरू प्रदान गर्न सक्दछ। ESOL ले भविष्यका कोर्सहरू वा वैकल्पिक मार्गहरूमा जान भाषाको सीपहरू विकास गर्न पनि मद्दत गर्न सक्छ।

### लेभल १ (Level 1)

लेभल १ योग्यताहरू, जस्तै फाउन्डेसन डिप्लोमा, कार्यात्मक कौशल (Fuctional Skills) र लेभल १ मा प्रशिक्षणहरू (Traineeships), ती विद्यार्थीहरूको लागि विकल्प हुन सक्छन् जसले स्कूलमा जी.सी.एस.ई. (GCSE) मा ग्रेड १- ३ प्राप्त गरेका छन्। त्यस्ता पाठ्यक्रमहरूले विद्यार्थीहरूलाई व्यावहारिक सीप विकास गर्न मद्दत गर्दछ। विद्यार्थीहरू त्यसपछि लेभल २ कोर्समा प्रगति गर्न सक्दछन् ।

### लेभल २ (Level 2)

यदि विद्यार्थीहरूले जी.सी.एस.ई. (GCSE) मा ग्रेड १ - ३ हासिल गरेका छन् भने उनीहरूले लेभल २ योग्यताहरू पूरा गर्न सक्दछन् जस्तै प्रशिक्षुता (apprenticeship), लेभल २ मा कार्यात्मक कौशल (Functional Skills), थप GCSEs वा उच्च डिप्लोमा। रोजगारदाताहरूले स्तर २ योग्यताहरूको लागि सोध्न सक्ने छन्।

### लेभल ३ (Level 3)

जी.सी.एस.ई. (GCSE) मा ग्रेड ४ र त्यो भन्दा माथिको ग्रेड प्राप्त गरेका विद्यार्थीहरुका लागि  लेभल ३ का योग्यताहरू जस्तै A-लेभलहरू अधिक उपयुक्त हुन सक्दछन् ।

## प्रशिक्षण (Traineeships)

प्रशिक्षण एउटा यस्तो पाठ्यक्रम हो जसले विद्यार्थीलाई कामको लागि वा पढ्दै काम गर्ने / प्रशिक्षुता (Apprenticeships) को लागि तयार गर्दछ । एक प्रशिक्षण ६  महिना सम्म रहन सक्छ।

प्रशिक्षणको लागि आवेदन दिन सक्षम हुनको लागि तलको मापदण्ड पूरा गर्नुपर्दछ

- बेलायतमा काम गर्न योग्य
- बेरोजगार र थोरै वा कुनै पनि कामको अनुभव नभएको
- १६ - २४ बर्ष उमेर र लेभल ३ भन्दा कम योग्यता

प्रशिक्षणको लागि कुनै पैसा दिईने छैन तर उनीहरुलाई केहि खर्च दिन सकिन्छ, जस्तै उदाहरणका लागि यात्रा र खानाको लागि ।

प्रशिक्षणका अवसरहरूका यहाँ government website फेला पार्न सकिन्छ।

## पढ्दै काम गर्ने / प्रशिक्षुता (Apprenticeships)

यसले उनीहरुलाई कार्यमा व्यवहारिक प्रशिक्षणको साथ थप अध्ययनसंग जोड्ने अवसर प्रदान गर्दछ।

प्रशिक्षु (Apprentice)को रूपमा, युवा मानिसहरु

- अनुभवी स्टाफको साथ काम गर्दछन
- रोजगार विशेष कौशल (job-specific skills) प्राप्त गर्दछन
- पैसा कमाउँदछन् र छुट्टीको लागि पनि पैसा पाउँदछन्
- उनीहरूको कामसँग सम्बन्धित अध्ययनको लागि समय पाउँदछन् (सामान्यतया हप्ताको एक दिन)

त्यहाँ प्रशिक्षुताको विभिन्न लेभलहरू उपलब्ध छन् र  यिनीहरूमा प्रवेश पाउन उनीहरुको आफ्नै आवश्यकताहरू र सर्तहरु हुनेछ, जसमा अघिल्लो योग्यता र अनुभवहरु पनि हेरिन्छ ।

प्रशिक्षुताको लागि आवेदन दिनका लागि युवाहरु

- गर्मी बिदाको अन्त सम्ममा १६ बर्ष वा बढी पुगेको हुनुपर्छ
- बेलायतमा बसेको हुनुपर्छ
- फुल टाईम/पूर्ण-समय शिक्षा (Full-time education) मा नभएको हुनुपर्छ।

शिक्षुताको लागि अवसरहरू यहाँ government website फेला पार्न सकिन्छ।